# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎: ०७८-४१०१२७
४१०१२३

प.सं. २०७८/०७९
च.नं. १६४ (शिक्षा)

मिति २०७८/०९/१८

विषयः युवा नवप्रर्वतनात्मक विचार प्रदर्शनी तथा प्रस्तुतीकरण प्रतियोगिता सम्बन्धमा ।

श्री स्थानीय तहहरु सवै, नवलपरासी (व.सु.पू)
(मध्यबिन्दु नगरपालिका, गैडाकोट नगरपालिका, देवचुली नगरपालिका, कावासोती नगरपालिका, हुप्सेकोट गाउँपालिका, बिनयत्रिवेणी गाउँपालिका, बुलिङ्गटार गाउँपालिका, वैदिकाली गाउँपालिका)

उपर्युक्त सम्बन्धमा राष्ट्रिय युवा परिषदबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण (स्थानीय तह) अन्तरगत चालु आ.व. २०७८/०७९ मा प्राप्त सशर्त कार्यक्रम अन्तरगत युवा प्रतिभा प्रवर्द्धन तथा सम्मान कार्यक्रम संचालन हुन गैरहेको छ । यस कार्यक्रमले युवा प्रतिभाको खोजि र उनीहरुको कार्यलाई प्रोत्साहन गर्ने उद्देश्य रहेको छ । यस कार्यक्रमको कार्यढाँचा बमोजिम कुनै एक स्थानीय तहमा कार्यक्रम रहेतापनि जिलाका सवै स्थानीय तहहरुलाई सेवाक्षेत्र मानि तोकिएको उमेर समूह (१६ देखि ४० वर्ष) का सवै युवाहरुलाई यस कार्यक्रममा सहभागी गराउनु पर्ने भएकोले इच्छुक युवा प्रतिभाहरुलाई उनीहरुको प्रतिभा प्रष्फुटन गर्न पाउने अवसरको सुनिश्चितताका लागी यो सूचना प्रेषित गरीएको छ । तँहा स्थानीय तहबाट पत्रसाथ् संलग्न सूचना यथासक्य सवै माध्यमबाट प्रबाह गरी यहि मिति २०७८ माघ १० भित्र निवेदन संकलन गरी तपशिलको ढाचामा २०७८ माघ १५ गते भित्र यस मध्यबिन्दु नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आइपुग्ने गरी पठाई सहयोग गर्नुहुन अनुरोध छ ।

तपशिलः

| क.स | निवेदकको नाम थर | ठेगाना | उमेर | नवप्रर्वतनात्मक विचारको शीर्षक | अन्य कागजात | सम्पर्क नं. | इमेल ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

टेक प्रसाद पाण्डे
उपसचिव

बोधार्थ
श्री राष्ट्रिय युवा परिषद सानोठिमी भक्तपुर
श्री जिल्ला युवा समितिको कार्यालय, कावासोती, नवलपरासी(व.सु.पू)- आवश्यक सहयोग र सहजीकरणको लागी
श्री सुचना प्रविधि शाखा , मध्यबिन्दु नगरपालिका- सम्बन्धित स्थानीय तहमा सुचना सम्प्रेषण गरी दिनुहुन् ।

मध्यबिन्दु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा,युवा तथा खेलकुद शाखा
घोरमारा,नवलपरासी (बि.सु.पू.)
गण्डकी प्रदेश,नेपाल

अनुसूची १

प्रतियोगितामा सहभागी हुनका लागि दिने निवेदनको ढाँचा

मिति:-२०७८/.../....

श्री.....................गाउँपालिका/नगरपालिका
शिक्षा युवा तथा खलकुद शाखा
.........................नवलपरासी (व.सु.पू) ।

विषय :-प्रतियोगितामा सहभागी हुन पाऊँ ।

प्रस्तुत विषयमा ताहाँको मिति २०७८/...../... गते प्रकाशित सूचनामा उल्लेख भएको **Youth Innovative IdeasHunt** प्रतियोगितामा मैले तयार गरेको ......................................................... विषयक सामग्री सहित सहभागी हुनका लागि तपसिल अनुसारको विवरण तथा कागजातहरू संलग्न गरी यो निवेदन पेश गर्दछु । यस कार्यक्रममा सहभागी हुँदाको व्यक्तिगत खर्च कही कतै पनि मागदावी नगर्ने ब्यहोरा समेत अनुरोध गर्दछु ।

निवेदनसाथ पेश गरेका कागजातहरू :-

क. नेपाली नागरिकताकोप्रमाणपत्रको प्रतिलिपि/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि
ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
ग. तयार गरेको नवप्रर्वतनात्मक विचारको कपी

निवेदक

दस्तखत : .....................
नाम, थर : ...........................

निवेदकको ठेगाना :-

स्थायी : जिल्ला ................., गा.पा./नगरपालिका ..............., वडा नं ...., टोल ..................
सम्पर्क : फोन/मोबाइल नं. : ............................. इमेल : ........................................

टेक प्रसाद पाण्डे

# युवा नवप्रर्वतनात्मक विचार प्रदर्शनी तथा प्रस्तुतीकरण प्रतियोगिता

## सञ्चालन हुने सम्बन्धी सूचना

युवा देशको सबैभन्दा सक्रिय र उर्जाशील उमेर समूह हो । युवाको क्षमता विकास र सर्थक परिचालनबाट मात्रै देशको विकास संभव छ । युवामा अन्तरनिहित प्रतिभाको प्रस्फूटन गरी उनीहरुको ज्ञान, सीप, धारणा र आधुनिक प्रविधिको संयोजनबाट मात्र विकासले गति लिन्छ । यसै मान्यतालाई आत्मसात गर्दै नेपाली युवाको अभिभावकीय निकाय तथा पहिलो संपर्क बिन्दु कार्यालयको रुपमा स्थापित राष्ट्रिय युवा परिषदले वार्षिक रुपमा युवा प्रतिभाको खोजी र प्रोत्साहन कार्यक्रम निरन्तर रुपमा सञ्चालन गर्दै आइरहेको छ ।यसै क्रममा चालु आव २०७८।०७९ मा पनि युवा प्रतिभा प्रबर्द्धन तथा सम्मान कार्यक्रम सञ्चालन हुन गैरहेको छ । यस कार्यक्रमले युवा प्रतिभाको खोजी र उनीहरुको कार्यलाई प्रोत्साहन गर्ने उद्देश्य राखेको छ । मध्यबिन्दु नगरपालिकाको संयोजन र व्यवस्थापनमा नवलपरासी (ब.सु.पू) जिल्लाका सबै स्थानीय तहका युवाहरुलाई लक्षीत गरी "युवा नवप्रर्वतनात्मक विचार प्रदर्शनी तथा प्रस्तुतीकरण प्रतियोगिता" सञ्चालन गर्न लागिएको छ । यस कार्यकममा नवलपरासी (ब.सु.पू) जिल्लाका १६ देखि ४० वर्ष उमेर समूहका सबै युवाहरु सहभागी हुन पाउनेछन् ।इच्छुक युवाले आफ्नो सम्बन्धित पालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद शाखामा यहि मिति २०७८ माघ १० गते भित्र  संलग्न ढाँचा बमोजिमको निवेदन सहित आफ्नो नवप्रर्वतनात्मक विचारको कपी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>प्रतियोगिता सम्बन्धी थप जानकारीः</u>

१. इच्छुक युवाले तोकिएकोअनुसूची १ बोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ । निवेदन साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, प्राप्त गरेको उपल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र नवप्रर्वतनात्मक विचारको कपी पेश गर्नुपर्ने ।

२. युवाले आफ्नो प्रतिभालाई कुनै पनि माध्यमबाट प्रस्तुत गर्न सक्नेछन् । नवप्रवर्तनात्मक विचार (Innovative Idea) व्यक्ति, परिवार, समाज र समग्र देशको रुपान्तरणमा सहयोग पुग्ने खालको हुनुपर्नेछ ।

३. युवाका विचारका क्षेत्रहरु विज्ञान तथा आधुनिक सूचना प्रविधि, वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन तथा सरसफाइ, पर्यटन उद्योग, सामाजिक जागरण, उत्पादनमा वृद्धि, रोजगारी सिर्जना,स्थानीय स्रोतको अधिकतम उपयोग र परिचालन,निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन,आर्थिक विकास,शैक्षिक गुणस्तर अभिवृद्धि,राष्ट्रको समृद्धिको सपना र मार्गचित्र आदि विषयसँग सम्बन्धित हुनुपर्नेछ ।

४. युवाका विचारहरुलाई हार्डकपि वा इ-कपिको माध्यमबाट प्रस्तुत गर्न सकिनेछ । प्राप्त विचारहरुलाई आयोजकले तोकेको मितिमा प्रदर्शनी तथा प्रस्तुतीकरणको अवसर दिइनेछ । विंचारको प्रदर्शनी तथा प्रस्तुतीकरण यहि २०७८ माघको अन्तिम साता सञ्चालन हुनेछ । प्रतियोगिता हुने दिन पछि जानकारी दिइनेछ ।

५. विचार प्रदर्शनी तथा प्रस्तुतीकरणमा सम्बन्धित क्षेत्रका विज्ञहरु रहेको मूल्याङ्कन समिति रहनेछ ।स्थानीय तहमा प्रथम, द्वितीय र तृतीय हुने विचारले क्रमशः रु १० हजार, रु ७ हजार र रु ४ हजार नगद पुरस्कार र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रथम हुने बिचारलाई प्रस्तुत सामग्रीका साथ प्रदेश स्तरमा हुने प्रतिस्पर्धामा सहभागी गराइनेछ । प्रदेशस्तरको प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः १५ हजार, १० हजार र ७ हजार पुरस्कार र प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यसैगरी प्रत्येक प्रदेशबाट प्रथम, द्वितीय र तृतीय हुने युवाहरु संघीय तहको प्रतियोगितामा सहभागी हुन पाउनेछन् । संघीय तहको प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः  रु ३५ हजार,  ३० हजार र २० हजार पुरस्कार र प्रमाणपत्र प्राप्त गर्नेछन् । उत्कृष्ट विचारहरु राष्ट्रिय रुपमा संकलन गरी आवश्यकता र संभाव्यताका आधारमा विभिन्न योजना र कार्यक्रमहरुमा उपयोग गरिनेछ ।

६. प्राप्त विचारहरुको प्रदर्शनी तथा प्रस्तुतीकरणलाई  मूल्याङ्कन गर्दा यसको सिर्जनशीलता, प्रस्तुतीकरण शैली, विचारको सैद्धान्तिक र व्यवहारिक पक्ष, विचारबाट उत्पादन हुने वस्तु वा सेवा, विचारको सार्दर्भिकता, उपादेयता, विश्वसनीयता, लगानी र प्रतिफल, रोजगारी सिर्जनाको संभाव्यता तथा जोखिमको अवस्था आदिलाई आधार बनाइनेछ ।